# बरेङ गाउँपालिका

# स्थानीय राजपत्र

## बरेङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ६७, मिति २९ साउन २०८२

भाग २

### बरेङ गाउँपालिका

**मृगौला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधी, २०८२**

# मृगौला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधी, २०८२

**प्रस्तावना :-** नेपालमा सर्ने रोगको तुलनामा नसर्ने रोगको भार बढिरहँदा एकातर्फ राज्यको ठूलो रकम उपचारमा खर्च भईरहेको र अर्को तर्फ व्यक्तिको सम्पत्ती र जीवन दुवै समाप्त भईरहेको सन्दर्भमा मृगौला रोगीहरुको समयमा नै पहिचान गरी उपचार, प्रेषण र व्यवस्थापन गरी मृत्यूको जोखिमबाट बचाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बरेङ गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमन गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बरेङ गाउँ कार्यपालिकाको मिति २०८२/०४/२९ गतेको बैठकद्वारा स्वीकृत भई यो कार्यविधि लागु गरिएको छ

**१. संक्षिप्त नाम र प्रारम्भ :-** **(१ )** यस कार्यबिधिको नाम “मृगौला परीक्षण कार्यविधी, २०८२” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :-**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) “गाउँपालिका” भन्नाले बरेङ गाउँपालिका सम्झनु पर्छ।

(ख) “कार्यालय” भन्नाले बरेङ गाउँ कार्यपालिकाको कार्यालय र यस कार्यालय मातहतका पाँच वटा वडा कार्यालय सम्झनु पर्छ।

(ग) “स्वास्थ्य संस्था” भन्नाले गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाई सम्झनुपर्छ।

(घ) “आर्थिक प्रशासन शाखा” गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्दछ।

(ङ) “कार्यविधी” भन्नाले मृगौला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधी २०८२ सम्झनु पर्दछ।

(च) “प्रयोगशालाकर्मी” भन्नाले प्रयोगशालामा कार्यरत वा मृगौला परीक्षण कार्यक्रममा खटिइ जाने प्रयोगशाला सम्बन्धि तोकिएको योग्यता प्राप्त गरी बरेङ गाउँपालिका अन्तर्गत स्वास्थ्यचौकीहरुमा कार्यरत कर्मचारी सम्झनुपर्दछ, साथै आवश्यकता अनुसार माग गरेको खण्डमा जिल्ला, प्रदेश वा अन्य निकायबाट खटिई आएका कर्मचारी समेत सम्झनु पर्दछ

(झ) “कर्मचारी” भन्नाले स्वास्थ्य संस्था, स्वास्थ्य शाखा, गाउँपालिका वा अन्य निकायका कर्मचारी सम्झनु पर्दछ।

(ञ) “स्वास्थ्य शाखा” भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्दछ।

(ट) “अनुगमन” भन्नाले मृगौला परीक्षण कार्यक्रमको प्रभावकारीता अनुगमनको लागि तोकिएका पदाधिकारी वा कर्मचारीहरुको अनुगमन भेटघाट सम्झनुपर्दछ।

(ठ) “परीक्षण कार्यक्रम” भन्नाले योजना अनुसार गरिने मृगौला परीक्षण कार्यक्रम सम्झनु पर्दछ।

(ड) “प्रयोगशाला” भन्नाले बरेङ गाउँपालिका अन्तर्गत स्थापना गरिएको प्रयोगशाला सम्झनु पर्दछ।

**३. कार्यक्रम सञ्चालनको उद्देश्यः-**

(१) ४० बर्ष पुगेका बरेङवासी सबै मानिसहरुको रक्त नमूना संकलन गरी क्रेटिनिन जाँच गर्ने र समस्या पहिचान भएका मानिसहरुलाई तत्काल माथिल्लो अस्पतालमा प्रेषण गर्ने र थप जटिलता हुन बाट बचाउने।

(२) प्रयोगशाला सेवा सबै नागरिकको पहुँचमा पुर्याउने।

(३) समयमानै रोग पत्ता लगाउने, उपचार गर्ने, प्रेषण गर्ने र डरलाग्दो रुपमा बढीरहेको नसर्ने रोगको भारलाई कम गर्ने।

(४) जोखिम समूहमा पर्ने सबै मानिसहरुको नियमित परीक्षण गर्ने।

**४. कार्यक्रम सञ्चालनमा बजेटको व्यवस्थाः-**

(क) गाउँपालिकाद्वारा बिनियोजित बजेट।

(ख) कुनै सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त बजेट।

(ग) स्थानीय संघ संस्था, क्लब, आमा समूह, वन समूह वा अन्य जुनसुकै स्रोतबाट प्राप्त बजेट।

**५. मृगौला परीक्षण कार्यक्रम सञ्चालन प्रकृयाः-**

(१) स्थानीय स्वास्थ्य संस्थाको सकृयतामा प्रत्येक टोलहरुमा बसोबास गर्ने ४० बर्ष माथिका व्यक्तिहरुको लगत तयार गरी परीक्षणको लागि पायक पर्ने स्थानको छनौट गर्ने।

(२) परीक्षण कार्यक्रम हुनुभन्दा कम्तिमा पनि ५ दिन अगावै कार्यक्रमबारे भरपर्दो सञ्चार माध्यमहरु मार्फत सूचना प्रकाशन/प्रसारण गर्ने ।

(३) ४० बर्ष उमेर पुगेका सम्पुर्ण मानिसहरुको रक्त नमूना संकलन गरी क्रेटिनिन जाँच गर्ने ।

(४) उपदफा (३) बमोजिम क्रेटिनिन जाँच गर्दा क्रेटिनिन बढेको पाईएमा थप पोटासियम, म्याग्नेसियम लगायतका जाँच गर्ने।

(५) उपदफा (४) बमोजिम जाँच गर्दा म्याग्नेसियम वा पोटासियम वा दुवै बढेको पाइएमा सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्ने ।

(६) उपदफा(४) बमोजिम जाँच गर्दा सामान्य पाईएमा उपचार गर्ने र दैनिक खानपान र जीवनशैली सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्ने ।

(७) जोखिम समूहमा पर्ने मानिसहरुलाई नियमित स्वास्थ्य परीक्षण, उपचार, व्यायाम र अस्वस्थकर जीवनशैली परिवर्तन सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्ने ।

(८) उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि समुदायमा मृगौला परीक्षण गर्न सम्भव नभएमा वा कुनै कारणवस बाधा उत्पन्न भएमा मानिसहरुको रक्त नमूना संकलन गरी रक्त नमूनाको गुणस्तर सुनिश्चित गरी प्रयोगशाला भएको स्वास्थ्यचौकीमा परीक्षण गर्नमा कुनै बाधा पर्ने छैन ।

**६. मृगौला परीक्षण कार्यक्रम सञ्चालनका लागी जनशक्ति ब्यबस्थापानः-**

(१) दफा (५) बमोजिम मृगौला परीक्षण कार्यक्रमको लागि सोही बमोजिमको प्रकृया पुरा भए पछि जनशक्ती व्यवस्थापनको दायित्व गाउँपालिकाको हुनेछ ।

(२) मृगौला परीक्षण कार्यक्रमको लागि गाउँपालिकाले प्रयोगशाला सञ्चालन भएका स्वास्थ्य संस्थामा कार्यरत प्रयोगशालाकर्मीलाई खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खटाईएका प्रयोगशालाकर्मीले आफू खटिई जाने स्थानको जानकारी प्राप्त भएपछि आवश्यक पर्ने सामाग्रीहरुको बन्दोबस्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सामाग्रीहरु तयार गर्ने क्रममा नपुग सामाग्रीहरु गाउँपालिका स्वास्थ्य शाखामा जानकारी दिनु पर्नेछ। स्वास्थ्य शाखाले आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्नुपर्नेछ ।

(५) नाम दर्ता, सरसफाई जस्ता कार्यको लागि जुन स्वास्थ्य संस्थामा मृगौला परीक्षण कार्यक्रम सञ्चालन गर्ने हो, सोही स्वास्थ्य संस्थाका कर्मचारी परिचालन गर्नु पर्नेछ ।

(६) कार्यक्रम सञ्चालन गर्दा प्रयोगशालाकर्मी अपुग भएमा अन्य गाउँपालिका, नगरपालिका, जिल्ला, अस्पताल वा अन्य निकायबाट जनशक्ती बोलाई अभियान सम्पन्न गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

**७. प्रयोगशालाकर्मीको पारिश्रमिक तथा आर्थिक व्यवस्थापनः-**

(१) समुदाय स्तरमा मृगौला परीक्षण अभियानमा संलग्न जनशक्तीको सेवा सुविधा "पालिका स्तरीय घुम्ती मासिक बैठक तथा सिकाई आदान प्रदान कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१" बमोजिम हुनेछ ।

(२) समुदाय स्तरमा संकलन भएका रक्तनमूनाहरुलाई परीक्षण गर्ने प्रयोगशालाकर्मीलाई स्वास्थ्य जोखिम बहन (Health Hazzard) बापत प्रति नमूना रु. १० का दरले भुक्तानी दिईने छ ।

**८. प्रयोगशालाकर्मीको काम कर्तव्य र अधिकारः-**

(१) आफ्नो सेवा क्षेत्र भित्र वा बाहिरका सेवाग्राहीहरुलाई आवश्यकता अनुसारको सेवा प्रदान गर्ने ।

(२) मृगौला परीक्षण कार्यक्रम निःशुल्क भएको जानकारी गराउने ।

(३) सेवा प्रदान गर्नु अगाडी कुन कुन नमूना परीक्षण गर्न सकिने हो सो बारेमा जानकारी दिने ।

(४) उतार गर्नुपर्ने सबै विवरण उतार्ने र माथिल्लो निकायमा प्रतिवेदन गर्नुपर्ने भएमा प्रतिवेदन गर्ने ।

(७) तोकिएका अन्य कार्यहरु गर्ने ।

**९. अभिलेख तथा प्रतिवेदनः-** (१)प्रयोगशालाकर्मीले प्रदान गरेको सेवाको विवरण तोकिएको ढाँचामा अभिलेख गर्नु पर्नेछ।

(२)उपदफा (१)अनुसारको अभिलेखलाई तोकिएको ढाँचामा तयार गरि मासिक रुपमा स्वास्थ्य संस्थामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि स्वास्थ्य संस्थाले DHIS2 तथा आवश्यकता अनुसार गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थाले आम्दानी तथा खर्च बिलको श्रेस्ताहरु क्रमबद्ध रुपमा राखी भुक्तानी दिनु पर्ने भएमा भुक्तानी दिनु पर्नेछ।

**१०. अनुगमन :-**

(१) गाउँपालिका, स्वास्थ्य शाखा तथा अन्य सरोकारवाला निकायहरुबाट प्रयोगशाला परीक्षण कार्यक्रमको अनुगमन गर्नेछ

(२) उपदफा १ बमोजिम अनुगमन गरे बापत नियमानुसारको भ्रमण तथा यातायात खर्च उपलबध गराईनेछ।

(३) अनुगमन गर्दा अनुगमनकर्ताले अनुगमनको क्रममा देखिएका सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, र सल्लाह सुझावहरु समेटिएको भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ।

**११. विविधः-**

(१) पहिलो पटक मृगौला परीक्षण कार्यक्रम सञ्चालन भईसकेपछि स्वास्थ्य संस्थाले आफ्नो सेवा क्षेत्र भित्रका नियमित मृगौला परीक्षण गराउनु पर्ने नागरिकहरुको लगत राख्नु पर्नेछ र अर्को पटकको परीक्षण कार्यक्रममा सहभागी हुन प्रेरित गर्नु पर्नेछ।

(२) मृगौला परीक्षण गर्दा तत्काल उपल्लो निकायमा प्रेषण गर्नु पर्ने परिणाम निस्केमा सो कार्यको सहजिकरण सम्बन्धित स्वास्थ्य संस्थाले गर्नु पर्नेछ।

**१२. खारेजी र बचाउ :-**

(१)यो कार्यविधि बन्नु आगाडी भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

(२) यो कार्यविधि नेपाल सरकारको कुनै ऐन कानुन सँग बाझिन गएमा बाझिएका दफा, उपदफा तथा अनुसूची हरु खारेज भएको मानिनेछ।

आज्ञाले:-
खड्ग वि. क
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२।०४।२९